मिति २०७९ साल श्रावण २५ गते बुधवारको दिन कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित

Laxmi Laghubitta Bittiya Sanstha Limited
लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड

Laxmi Laghubitta Bittiya Sanstha Ltd.
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.

Central Office:
Kapan Marg,Maharajgunj, Kathmandu
01-4373682 / 01-4373604
Email: info@laxmilaghu.com.np
Website: https://laxmilaghu.com.np

अपरिष्कृत संक्षिप्त वित्तीय अवस्थाको विवरण (NFRS बमोजिम)

२०७९ साल असार मसान्त सम्मको

रकम (ने.रु.मा)

विवरण	यस त्रयमास सम्मको (असार मसान्त, २०७९ सम्मको)	गत आ.व.को अन्त सम्म (असार मसान्त २०७८ सम्मको)
सम्पत्ति		
नगद वा नगद समान	८७,८७४,७२०	७३,२४९,२३३
वैधानिक मौज्दात तथा नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	३४,९८३,०००	२९,६३८,०००
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	-	८०,०००,०००
डेरिभेटिभ वित्तीय उपकरणहरु	-	-
अन्य व्यापारीक सम्पत्तिहरु	-	-
लघुवित्त वित्तीय संस्था तथा सहकारीलाई दिएको कर्जा/सापटी	-	-
ग्राहकलाई प्रदान गरिएको कर्जा/सापटी	७,७२२,२७०,११०	६,३१७,७९२,५२८
धितोपत्रमा लगानी	२,९८५,१०२	२,९८५,१०२
यस बर्षको आयकर सम्पत्ति	-	-
लगानी सम्पत्तिहरु	-	-
सम्पत्ति तथा उपकरण	६०,९२६,३३१	५४,१०४,०४९
ख्याती तथा अमूर्त सम्पत्ति	१०,६९३,७८१	१४,५१९,३०६
स्थगन कर सम्पत्ति	१९०,००१	-
अन्य सम्पत्ति	३२,४५४,५५७	४६,१३९,८८९
कुल सम्पत्ति	७,९५२,३७७,६०३	६,६१८,४२८,१०७
दायित्व		
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी	-	-
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	-	-
डेरिभेटिभ वित्तीय उपकरणहरु	-	-
ग्राहकहरुबाट निक्षेप दायित्व	२,५५१,५०६,१०८	२,०६९,०५८,६३६
सापटी	४,४५२,१९६,९३८	३,७०५,७४७,२७५
यस बर्षको आयकर दायित्व	१,५४१,६७५	७,१३५,९९९
व्यवस्थाहरु	-	-
स्थगन कर दायित्व	-	७,४४६,७८४
अन्य दायित्वहरु	१००,०७६,९६२	११४,९८३,०२३
जारी गरिएका ऋणपत्रहरु	-	-
अधिनस्थ दायित्वहरु	-	-
कुल दायित्व	७,१०५,३२१,६८३	५,९०४,३७१,७१७
इक्विटी		
शेयर पूँजी	३८४,०५४,०००	३२०,०४५,०००
शेयर प्रिमियम	-	-
सञ्चित मुनाफा	२९८,८५१,७०६	२२५,७१९,२४७
जगेडा तथा कोषहरु	१६४,१५०,२१४	१६८,२९२,१४३
कुल इक्विटी	८४७,०५५,९२०	७१४,०५६,३९०
कुल दायित्व र इक्विटी	७,९५२,३७७,६०३	६,६१८,४२८,१०७

अपरिष्कृत संक्षिप्त नाफा नोक्सान विवरण

(श्रावण १,२०७८ देखि असार ३२,२०७९ सम्म)

रकम (ने.रु.मा)

विवरण	चालु आ.व.२०७८/७९		गत आ.व.२०७७/७८	
	यस त्रयमास	यस त्रयमास सम्म	यस त्रयमास	यस त्रयमास सम्म
ब्याज आम्दानी	३००,६६५,६२२	१,०८०,६६२,५९८	२३४,४४१,६०५	८४१,३१९,८४१
ब्याज खर्च	१६९,४०१,५६९	५४५,४४९,३१४	८७,७९३,६३८	३२३,७२२,६९५
खुद ब्याज आम्दानी	१३१,२६४,०५३	५३५,२१३,२८४	१४६,६४७,९६७	५१७,५९७,१४६
शुल्क तथा कमिशन आम्दानी	२४,५९३,३४२	११५,२३६,२७६	१७,८७५,६४३	१२०,१९६,०५२
शुल्क तथा कमिशन खर्च	२१२,३०५	२४१,४११	२६०,२४८	२७३,१५५
खुद शुल्क तथा कमिशन आम्दानी	२४,३८१,०३७	११४,९९४,८६५	१७,६१५,३९५	११९,९२२,८९७
खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी	१५५,६४५,०९०	६५०,२०८,१४९	१६४,२६३,३६२	६३७,५२०,०४३
खुद व्यापारीक आम्दानी	-	-	-	-
अन्य सञ्चालन आम्दानी	-	-	१,३७४,४२७	१,३७४,४२७
जम्मा सञ्चालन आम्दानी	१५५,६४५,०९०	६५०,२०८,१४९	१६५,६३७,७८९	६३८,८९४,४७०
कर्जा तथा अन्य नोक्सानीको जोखिम व्यवस्था/(फिर्ता)	७,४७२,२९०	५८,४९५,७६७	२३,७६७,६४२	६४,८५८,७६३
खुद सञ्चालन आम्दानी	१४८,१७२,८००	५९१,७१२,३८१	१४१,८७०,१४७	५७४,०३५,७०७
सञ्चालन खर्च	-	-	-	-
कर्मचारी खर्च	८३,८६१,९७२	२९४,७०९,१४०	७८,३४५,६४७	२४०,५२७,७७०
अन्य सञ्चालन खर्च	१७,९५५,१०९	४९,८७३,७४९	१०,९१२,०२१	३७,२०६,७४८
ह्रासकट्टि र परिशोधन	३,०६७,९८४	१०,३७६,३६४	२,४९७,६०४	९,४१९,०६२
सञ्चालन मुनाफा	४३,२८७,७३५	२३६,७५३,१२९	५०,११४,८७५	२८६,८८२,१२७
गैर सञ्चालन आम्दानी	१४,८२९	३१,४९१	-	-
गैर सञ्चालन खर्च	-	-	९५९,४०१	९५९,४०१
आयकर अघिको नाफा	४३,३०२,५६४	२३६,७८४,६२०	४९,१५५,४७४	२८५,९२२,७२६
आयकर खर्च	१७,०७२,१५२	७६,०६०,८९८	१९,५७८,५४३	८८,७७३,६६९
चालु आयकर	१७,०१२,४७४	८३,६९७,६८३	१९,१३५,५८९	८६,७१६,३९९
स्थगन कर खर्च/(आम्दानी)	५९,६७८	(७,६३६,७८५)	४४२,९५४	२,०५७,२७०
यस अवधिको मुनाफा	२६,२३०,४१२	१६०,७२३,७२२	२९,५७६,९३०	१९७,१४९,०५७
प्रति शेयर आम्दानी :				
आधारभूत प्रति शेयर आम्दानी (Basic EPS)	-	४१.८५	-	६१.६०
डाइल्युटेड प्रति शेयर आम्दानी (Diluted EPS)	-	४१.८५	-	६१.६०

नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिमका अनुपातहरु

विवरण	चालु आ.व.२०७८/७९		गत आ.व.२०७७/७८	
	यस त्रयमास	यस त्रयमास सम्म	यस त्रयमास	यस त्रयमास सम्म
पूँजी कोष/जोखिम भारित सम्पत्ती	-	१०.७८%	-	१०.२३%
निष्क्रय कर्जा/कुल कर्जा सापटी	-	३.२१%	-	३.२७%
कुल कर्जा नोक्सानी व्यवस्था/निष्क्रय कर्जा	-	११९.४४%	-	११६.९४%
कोषको लागत	-	९.८०%	-	६.६२%
कर्जा/ निक्षेप अनुपात	-	२६६.४२%	-	२६८.२४%
आधारदर	-	१३.९८%	-	९.८२%
ब्याजदर स्प्रेड	-	४.८७%	-	८.५६%

वितरण योग्य नाफा/नोक्सान सम्बन्धी विवरण

२०७९ साल असार मसान्तसम्मको

विवरण	रकम (ने.रु.मा)
असार मसान्त,२०७९ सम्मको खुद नाफा/(नोक्सान)	१६०,७२३,७२२
१.विनियोजन :	३५,३५९,२१९
क) साधारण जगेडा	३२,१४४,७४४
ख) पूँजी फिर्ता जगेडा कोष	-
ग) सटही घटबढ कोष	-
घ) संस्थागत सामाजिक उत्तरदायित्व कोष	१,६०७,२३७
ङ) कर्मचारी तालिम कोष	-
च) ग्राहक संरक्षण कोष	१,६०७,२३७
छ) अन्य	-
नियमनकारी समायोजन अघिको नाफा/नोक्सान	१२५,३६४,५०३
२.नियमनकारी समायोजन :	१३,९०८,६६१
क) नियमनकारी कोषमा रकमान्तर	१३,९०८,६६१
ख) नियमनकारी कोषबाट रकमान्तर	-
वितरण योग्य नाफा/(नोक्सान)- असार मसान्त, २०७९ सम्मको	१११,४५५,८४३

टिप्पणीहरु:

१. अपरिष्कृत वित्तीय प्रतिवेदन नेपाल लेखामान बोर्डबाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेण्ट्स संस्थाद्वारा अनुपालना गरिएको ब्यवस्था बमोजिम नेपाल राष्ट्र बैंकको निर्दिष्ट भएर तयार पारिएको छ।

२. ग्राहकहरुलाई प्रदान भएको कर्जा सापट रकमलाई हानी/नोक्सानी Impairment कट्टा गरी लेखांकन गरिएको र सो मा कर्मचारीहरुलाई प्रदान भएको कर्जा/सापटी समेत संलग्न रहेको छ।

३. उल्लेखित अपरिष्कृत वित्तीय विवरणमा नियमनकारी निकाय तथा बाह्य लेखापरिक्षकहरुबाट कुनै फेरबदल गर्न सुझाय बमोजिम परिवर्तन हुने सक्ने छ।

४. आवश्यकता अनुसार अंकहरुलाई पुनः वर्गीकरण गरिएको छ।

५. अपरिष्कृत वित्तीय प्रतिवेदन वित्तीय संस्थाको वेबसाईट https://www.laxmilaghu.com.np मा समेत अपलोड गरिएको छ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुची १४

(नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.व.२०७८/७९ को चौथो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण :**

क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:**

चालु आ.व.२०७८/७९ को चौथो त्रयमासको अपरिष्कृत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards-NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board-ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (The Institute of Chartered Accountants of Nepal-ICAN) द्वारा अनुपालनाको लागि सुचित गरिएका ब्यवस्था अनुसार नेपाल राष्ट्र बैंकद्वारा "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन नं.४ मा निर्दिष्ट भई वित्तीय अवस्थाको प्रतिवेदन, नाफा नोक्सान विवरण, वितरण योग्य मूनाफा र सो सँग सम्बन्धीत वित्तीय परिसूचकहरु यसै साथ प्रकाशित गरिएको छ। जसलाई वित्तीय संस्थाको वेबसाईट https://laxmilaghu.com.np मा पनि राखिएको छ।

ख) **सम्बन्धित पक्ष बीचको कारोवार :**

लक्ष्मी बैंक लिमिटेडको सहायक कम्पनीको रुपमा स्थापित यस लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडमा संस्थापक शेयरधनी श्री लक्ष्मी बैंक लिमिटेडको ७०% शेयर स्वामित्व रहेको छ भने ३०% शेयर सर्वसाधारणहरुको रहेको छ। सम्बन्धित पक्षसँगको कारोवार अन्तर्गत यस वित्तीय संस्थाको लक्ष्मी बैंकमा रहेको बैंक मौज्दात र लक्ष्मी बैंकबाट प्राप्त विपन्न वर्ग अन्तर्गत कर्जा तथा ऋण सापट विवरण तपशिल बमोजिम रहेको छ।

क्र.सं	लक्ष्मी बैंकमा रहेको मौज्दात (रु.)	लक्ष्मी बैंकबाट प्राप्त कर्जा (रु.)
१.	६२,७२,३५१	२,९१२,८९८,२५९

ग) **प्रमुख वित्तीय अनुपातहरु :**

प्रति शेयर आम्दानी (बार्षिकिकरण)	मूल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कूल सम्पत्तीको मूल्य	तरलता अनुपात
रु.४१.८५	३०.४७	रु.२२०.५६	रु.२०७०.६४	४.९५%

२. **व्यवस्थापकीय विश्लेषण :**

क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**

वित्तीय संस्थाले चालु आ.व.२०७८/७९ को चौथो त्रयमास सम्मको वित्तीय कारोवारहरु प्रक्षेपण गरिएको ब्यवसायिक योजना अनुरुप सकारात्मक नतिजा प्राप्त गर्न सफल भएको छ। वित्तीय कारोवारहरुमा केहि सुधार भई बैंकको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक स्थितीमा रहेको छ।

ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक विवरण :**

नेपाल राष्ट्र बैंकद्वारा "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापना काल देखि नै वित्तीय पहुँच अभिबृद्धि गराई नेपालको गरिवी घटाउने, जीवनस्तरमा गुणस्तरयुक्त सकरात्मक परिवर्तनका साथै वित्तीय समावेशीकरण बढाउने उद्धेश्यले नेपाल भरी नै लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडि बढिरहेको छ।

हाल देशका विभिन्न स्थानहरुमा ९० वटा शाखा कार्यालय मार्फत १०४,१७० विपन्न परिवारको घरमा लघुवित्त सेवा प्रदान गरिरहेको छ।

- लघुवित्त वित्तीय संस्था स्थापनाको मर्मलाई आधारशिलाको रुपमा लिई संस्थाले कृषि उत्पादन, पशुपालन, सेवा ब्यवसाय तथा लघु उद्यम जस्ता ब्यवसायहरु सञ्चालनको लागि उच्च प्राथमिकताका साथ महिला वर्गलाई केन्द्रित गरेर लघुवित्त सेवा उपलब्ध गराउदै आएको छ।
- वित्तीय संस्थाका सेवा तथा सुविधाहरुलाई प्रविधिमैत्री गर्ने उद्देश्यका साथ डिजिटल प्रविधिहरुको उच्च प्रयोगसँगै ग्राहकहरुलाई छिटो, छरितो, सहज, पारदर्शी, विश्वसनीय र न्युन लागतमा वित्तीय पहुँच अभिबद्धि गर्ने संस्थाको रणनिती रहेको छ। E-Sewa, Khalti, ConnectIPS जस्ता डिजिटल माध्यमद्वारा ग्राहकहरुले वित्तीय कारोवारहरु गर्न सक्ने प्रविधिको कार्यान्वयन भैसकेकोछ।
- ग्राहकहरुको वित्तीय कारोवारहरुमा पारदर्शिता प्रदान गर्न ग्राहकहरु स्वयंले आफ्नो मोवाईल मार्फत बैंक स्टेटमेण्ट हेर्ने कस्टुमर फेसिङ्ग एप्लिकेशन ***"Laxmi Laghubitta-Smart App"*** सेवा सुचारु गरिसकिएको छ भने संस्थाको सम्पूर्ण शाखा कार्यालयहरुले ट्याब्लेट बैंकिङ्ग कारोवार सुचारु गरिसकिएको छ। सो सँगसँगै वित्तीय संस्थाका ग्राहकहरुको खातामा भएको वित्तीय कारोवारहरुको जानकारीलाई SMS Alert मार्फत जानकारी दिने ब्यवस्था कार्यान्वयनमा ल्याउने तयारी गरीरहेको छ।
- नेपालको लघुवित्तको क्षेत्रमा पहिलो पटक मिति २०७९/०३/१९ गते "भुक्तानी सेवा प्रदायक" सम्बन्धि कार्य गर्न नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागबाट स्वीकृति लिई मोवाईल बैंकिङ्ग कारोवारलाई बिधिवत रुपमा ***"Laxmi Laghubitta Mobile पैसा"*** को नामबाट सुचारु गरिसकिएको छ। जसमार्फत ग्राहकहरुले आधुनिक बैंकिङ्ग सरहका सुविधाहरु जस्तै :एक खाताबाट अर्को खातामा रकमान्तर गर्न, अन्य बैंक तथा वित्तीय संस्थाहरु बीचको रकमान्तर कार्य (**Fund transfers**) र विभिन्न भुक्तानीहरु (**Utility Payments**) गर्न सक्ने ब्यवस्था गरिएको छ।

साथै, आगामी दिनहरुमा लघुवित्तको कारोवारहरुलाई कर्जा, बचत र रेमिट्यान्स सुविधाहरुमा मात्र सिमित नगरी समयानुकुल ग्राहकको बदलिँदो चाहनालाई दृष्टिगत गरी संस्थाले उपलब्ध गराउदै आएको सेवा तथा सुविधाहरुमा थप परिष्कृत गर्दै लैजान ब्यवस्थापन प्रतिबद्ध रहेको छ।

ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**

बजारमा देखिएको तरलता समस्या, श्रोतको परनिर्भरता र अपर्याप्तता, कर्जा/सापटीको ब्याजदरमा भएको उच्च बृद्धि, लघुवित्त संस्थाहरु बीच देखिएको कर्जाको दोहोरोपना,अस्वस्थ प्रतिस्पर्धा लगायतका समस्याहरुको बाबजुद पनि चालु आ.व.२०७८/७९ को चौथो त्रयमासको वित्तीय अवस्थामा त्यति ठुलो तात्विक असर पारेको छैन।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

क) त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना प्राप्त भएको पनि छैन।

ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :**

क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोवारमा तरलता समस्यासँगै अन्य बिविध कारणहरुले धितोपत्र बजारलाई असर पारेता पनि यस वित्तीय संस्थाको शेयर कारोवार सन्तोषजनक रुपमा नै भईरहेको छ।

ख) नेपाल स्टक एक्सचेन्जको वेभसाइट अनुसार गत त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोवार निम्न अनुसारले भएको देखिन्छ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोवार दिन	कारोवार संख्या
रु.१,३६७	रु.१,०८०	रु.१,२७५	६४	१,२२२

५. **समस्या तथा चुनौती :**

विश्वब्यापी कोभिड महामारी लगत्तै नेपालको अर्थतन्त्रमा देखा परेको तरलता समस्याले नेपालको लघुवित्त क्षेत्र पनि अत्याधिक प्रभावित रहेको छ। स्रोतको परनिर्भरता र लगानीयोग्य रकमको अभावको कारण गत त्रयमासमा माग बमोजिमको कर्जा प्रवाहमा प्रतिकुल असर परेको छ। स्रोतको अनिश्चितता, कोषको लागतमा भएको बृद्धि साथसाथै अन्य लघुवित्त वित्तीय संस्थाहरुको लक्षित वर्ग र सञ्चालित क्षेत्रहरु समान रहेको कारण संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा एवं कर्जा लगानीमा दोहोरोपना हुने संभावनालाई दृष्टिगत गरी कारोवारहरु गर्नु पर्ने अवस्था रहेको छ।

६. **संस्थागत सुशासन :**

संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र सम्बन्धी ऐन २०६३, आयकर ऐन २०५८ तथा श्रम ऐन, २०७४ पालना गरिरहेको छ। संस्थाको प्रवन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, ब्यवस्थापन सूचना प्रणाली, सम्पत्ति दायित्व ब्यवस्थापन नीति, लगानी नीति, जोखिम ब्यवस्थापन नीति, लेखापरीक्षण नीति लगायतका नीति तथा निर्देशिकाहरु तयार गरी कार्यान्वयन गरिरहेको छ। संस्थाले आफ्नो कारोवारको चुस्त दुरुस्त, छिटो छरितो, पारदर्शी तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समिति तथा ब्यवस्थापन तहमा लेखापरिक्षण समिति,जोखिम ब्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति दायित्व ब्यवस्थापन समिति, लगायतका समितिहरु गठन गरेको छ।

७. **सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उदघोषण:**

आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म ब्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उदघोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाईएको छैन।